


**ISSN: 3021-9337 (Print), 3021-9345 (Online)**

# आसामेली नेपाली भाषाका साहित्यकारहरू र पत्रपत्रिकाको योगदान

**विष्णु न्यौपाने**
उपप्राध्यापक
त्रिवि, सरस्वती बहुमुखी क्याम्पस, काठमाडौं, नेपाल
bishnu.neupane@smc.tu.edu.np
ORCID: https://orcid.org/0009-0003-4468-4248

**Article History:** *Received*: 12 May 2025, *Accepted*: 2 December 2025, *Published*: 14 December 2025
**DOI:** https://doi.org/10.3126/srj.v3i1.93317

## लेखसार

*नेपाली भाषा नेपालमा र नेपालीहरूको बाहुल्य रहेको भारतका विभिन्न स्थानहरूमा र नेपालीहरू पुगेका विश्वका विभिन्न स्थानमा बोलचालको भाषा र सम्पर्क भाषाका रूपमा रहेको छ । साहित्य सिर्जनाका दृष्टिले पनि यो भाषा सबल र संवृद्धशाली रहेको छ । नेपालमा बसोवास गर्ने नेपालीहरू र नेपालबाहिर रहेका नेपाली भाषीहरूले यस भाषामा प्रशस्त साहित्य सिर्जना गरेका छन् । यो भाषाप्रति नेपालीको मात्र होइन नेपालबाहिर भारतका विभिन्न स्थानमा बसोबास गरिरहेका भारतीय नेपालीको पनि चिन्ता र चासोको विषय रहेको छ । नेपालबाट काम, माम र शिक्षाका सिलसिलामा भारतको आसाम, बनारस, दार्जीलिङ, देहरादुन, जलपाइगुडी आदि क्षेत्रमा पुगेका नेपालीभाषीहरू नेपाली भाषाप्रति सम्मान र आस्था पनि प्रकट गर्दछन् । त्यहाँ बसोबास गर्ने नेपालीहरूले नेपाली भाषा र साहित्य सिर्जना गरी नेपाली साहित्य भण्डारमा यथेष्ट योगदान दिएका तथा नेपाली भाषा र साहित्यको संरक्षण र संबर्धनमा योगदान पुऱ्याएका छन् । प्रस्तुत गुणात्मक अनुसन्धान ढाँचामा अन्वेषित यो लेख पुस्तकालयीय अध्ययन कार्यका आधारमा द्वितीय स्रोतका सामग्री र तथ्यहरूको सङ्कलन, व्याख्या र उपलब्ध अभिलेख सामग्रीहरूको विश्लेषण गरी नेपाली भाषा, साहित्य र संस्कृतिको उत्थान र प्रवर्धनमा भारतीय नेपाली साहित्यकारहरू र पत्रपत्रिकाको योगदानको विवरणात्मक र विश्लेषणात्मक विधिद्वारा समीक्षा गरी निष्कर्षीकरण र सामान्यीकरण गरिएको छ । यस लेखमा भारतीय भूमि खासगरी आसाम, वनारस, देहरादुन र जलवाईगुडीमा रहेका नेपालीहरू जसलाई भारतीय नेपाली पनि भनिन्छ, तिनीहरूको नेपाली भाषाप्रतिको माया, ममता; नेपाली भाषाको उत्थान, संरक्षण, संबर्धन तथा संवृद्धिमा योगदान र उनीहरूद्वारा सिर्जना गरिएका नेपाली साहित्य सम्बन्धमा विवरणात्मक र विश्लेषणात्मक समीक्षा गरी निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** गोर्खासैनिक, नेपालीमूल, रचनासृजना, सामाजिक परिधि, साहित्यप्रेमी ।

## विषयपरिचय

नेपालको तीन दिशा : पूर्व, पश्चिम र दक्षिणको सिमाना भारतसँग जोडिएको छ । यहाँका मानिसहरू अर्थोपार्जनका लागि भारतभूमिमा जाने परम्परा निकै लामो छ र भारतीयहरू पनि खुला सिमानाका कारण बिनाअवरोध काम र व्यापारका सिलसिलामा नेपाल आउने गर्दछन् । भौगोलिक र सामाजिक कारणबाट यी दुई देशबिच सुमधुर सम्बन्ध रहेको छ । वि.सं. १८७२ को सुगौलीसन्धि पछि नेपालको सिमाना सागुरिन पुग्यो र यहाँका अधिकांश भूभाग भारतमा परेका छन् । यस क्षेत्रका मानिसहरू जन्मले नेपाली तर भौगोलिक रूपमा भारतीय भएका छन् । पूर्वीनेपालको पहाडी भूभागका नेपालीहरू काम, माम र शिक्षाको खोजीमा भारतीय भूमिमा जाने क्रम पुरानै हो । यो परम्परा यद्धपि कायम छ । नेपालका विभिन्न भूभागबाट शिक्षाका लागि वनारस जाने परम्परा पनि पहिले देखिनै चलिआएको हो । यिनीहरू भारत पुगेपछि नदीका किनारमा तथा जङ्गल फडानी गरी बसोबास गर्न थाले । अङ्ग्रेजी उपनिवेश सुरूभएपछि नेपाली युवाहरू भारतीय सेनामा भर्ती हुने क्रमसमेत सुरू भयो । दोस्रो विश्वयुद्धपछि यिनीहरू भारतका विभिन्न क्षेत्रमा बसोवास गर्न थाले । यसरी विभिन्न कारणले भारत पुगेका नेपालीहरू भौगोलिक रूपमा भारतीय भए पनि यिनीहरूको संस्कृति, भाषा र साहित्य नेपाली नै रहिरह्यो । आजकल यिनीहरूका सन्तानहरूले नेपाली भाषामै बोलचाल, कामकर्म र शिक्षा लिन थालेका छन् । भारतीय संविधानको अनुसूची ८ मा नेपाली भाषालाई भारतमा बोलिने भाषाको स्थान दिएको छ । भारतककै नेपाली मूलका मानिसहरू बसोवास भएको क्षेत्रमा नेपाली भाषा पनि पठनपाठन हुने व्यवस्था गरिएको छ । गुहाहाटी विश्वविद्यालयमा दूरशिक्षाअन्तर्गत नेपाली विषयमा स्नातकोत्तर तहको कार्यक्रम सञ्चालन गरिएको छ । यस भूमिका स्रष्टाहरू अरू भाषासँगै आफ्नो मातृभाषा नेपाली भाषामा पनि साहित्य सिर्जना गरिरहेका छन् । कतिपय भारतीय साहित्यकारहरूले आफ्नो कर्मभूमि नेपाल बनाएका छन् भने कतिपय साहित्यकारहरू भारतमै बसेर नेपाली साहित्यको संवर्धनमा लागि रहेका छन् । भारतीय क्षेत्रमा नेपाली भाषासाहित्यका विविध गतिविधिहरू सञ्चालन भइरहेका छन् । यस क्षेत्रमा नेपाली भाषामा पत्रपत्रिका पनि प्रकाशन भएका छन् । नेपाली भाषा र साहित्यको चिन्ता र चासो नेपालीवासीजत्तिकै भारतीय नेपालीहरूलाई पनि भएको बुझिन्छ । भारतका विभिन्न क्षेत्रमा नेपाली भाषा र साहित्य फैलिए तापनि भारतीय नेपाली साहित्य र साहित्यकार शीर्षकको यो अनुसन्धानमूलक लेखमा आसाम, वनारस, देहरादुन, जलवाइगुडीको नेपाली साहित्य र सात्यिकार तथा पत्रपत्रिकाको मात्र अध्ययन गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानात्मक लेख पुस्तकालयीय अध्ययन प्रणालीका आधारमा सामग्री सङ्कलन गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचामा अन्वेषित यो अध्ययनमा तथ्यहरूको सङ्कलन, व्याख्या र उपलब्ध अभिलेख सामग्रीहरूको विश्लेषण गरी निचोडमा पुगिएको छ । अभिलेख सामग्रीहरूमा

सम्बन्धित पुस्तक, पत्रपत्रिका, समीक्षात्मक तथा अनुसन्धानात्मक लेखरचनाहरू संलग्न छन् । यिनै सामग्रीबाट तथ्य/सूचनाको विमर्शबाट अध्ययनको निचोडमा पुगिएको छ । द्वितीय स्रोतका सामग्रीहरू प्रयोग गरी विवरणात्मक र विश्लेषणात्मक विधिद्वारा समीक्षा गरी निष्कर्षीकरण र सामान्यीकरण गरिएको छ ।

## तथ्य/साक्ष्य

यस लेखमा नेपाली भाषासम्बन्धी निम्न तथ्य र भारतीयभूमिमा नेपाली भाषा र साहित्यसम्बन्धी भएका निम्न गतिविधि, तथ्य र साक्ष्यलाई विश्लेषणको आधार बनाइएको छ :

(१) नेपाली भाषा नेपालको राष्ट्रभाषा हो ।

(२) नेपाली भाषा भारतको सरकारी मान्यताप्राप्त भाषा हो ।

(३) नेपाली भाषा भूटान, बर्मा तथा नेपालबाहिर रहेका नेपालीहरूको मातृभाषा हो ।

(४) भारतका आसाम, मणिपुर, दार्जिलिङ, उत्तराञ्चलको देहरादुन, अलमोडालगायत भारतका अनेकौँ ठाउँका नेपालीहरूको प्रियभाषाका रूपमा नेपाली भाषा रहेको छ ।

(५) भारत सरकारले सरकारी भाषासरहको मान्यता दिएर नेपाली भाषालाई अन्तर्राष्ट्रिय मान्यता दिएको छ ।

(६) नेपाली भाषा सिक्किम र पश्चिम बङ्गालको राज्यभाषा (आधिकारिक भाषा) हो ।

(७) सिक्किममा नेपाली भाषालाई सिक्किम राज्यको सम्पर्क भाषाका रूपमा मान्यता पाएको छ ।

(८) सिक्किममा भानुभक्तको ५० फुट अग्लो शालिक बनाउने निर्णय गरिएको छ ।

(९) इ. १९१८ मा कलकत्ता विश्वविद्यालयमा म्याट्रिक, आइए, बिएका कक्षामा भर्नाकुलरका रूपमा नेपाली भाषा पढाउने स्वीकृति प्रदान गरिएको थियो ।

(१०) वनारस नेपालीहरूका लागि विद्याको खानीका रूपमा प्रसिद्ध मानिन्छ ।

(११) नेपालीहरू अध्ययनका सिलसिलामा वनारस जाने परम्परा थियो ।

(१२) नेपाली भाषाको प्रथम पत्रिका *गोरखा भारत जीवन* वि.सं. १९४२ मा भारत बनारसबाट प्रकाशित भएको थियो ।

(१३) आसाममा दुई, मेघालयमा एक, सिक्किममा एक, उत्तर प्रदेशमा एक र वेस्टबङ्गालमा एक गरी छवटा भारतका कलेजहरूमा स्नातकोत्तर तहमा नेपाली पठनपाठन हुने गरेको ।

## नेपाली भाषा

संसारमा बोलिने विभिन्न भाषापरिवारमध्ये नेपाली भाषा भारोपेली भाषापरिवारअन्तर्गतको भाषा हो । नेपाली भाषाको नामकरण सन् १८२० को एटनको व्याकरणमा भएको हो । नेपाली भाषाको नामकरण हुनुभन्दा अगाडि विभिन्न नामहरू : खसभाषा, पहाडी भाषा वा पर्वते भाषा, गोरखाली भाषा, गोरक्षभाषा, गोर्खाभाषा, गोर्खेभाषा, गुर्खाली भाषा, देशभाषा, लोकभाषा, राजभाषा, प्राकृतभाषा आदिबाट यस भाषालाई चिनिन्थ्यो । *बृहत् नेपाली शब्दकोश*ले भारोपेली भाषा परिवारको, शत्म वर्गबाट संस्कृत, प्राकृत र अपभ्रंश हुँदै जन्मेको, आधुनिक आर्यभाषाको एकभेद, देवनागरी लिपिमा लेखिने नेपालको राष्ट्रभाषा, नेपालमा बस्ने विभिन्न भाषाभाषीहरूका बिच विचारविनिमय गर्ने माध्यम भाषा, बहुसङ्ख्यक नेपालीहरूको भाषा भनी परिभाषित गरेको छ (पोखरेल, २०६७, पृ. ७०७) । यो परिभाषामा नेपाली भाषालाई संसारमा बोलिने विभिन्न भाषापरिवारमध्ये भारोपेली भाषापरिवारको एक भेदका रूपमा स्वीकार गरेको छ । यो भाषा नेपालको राष्ट्रभाषा, विभिन्न भाषाभाषिबिच सम्पर्क भाषा, बहुसङ्ख्यक नेपालीहरूको मातृभाषा हो ।

नेपाली भाषा संस्कृत, प्राकृत, अपभ्रंश हुँदै आधुनिक आर्यभाषाका रूपमा दसौँ शताब्दीमा विकसित भाषा हो । यो भाषा लिपिबद्धताको स्तर प्राप्त गर्नुभन्दा अगाडि मौखिक अभिव्यक्तिमा व्याप्त थियो । यसको मौखिक अभिव्यक्ति प्राचीन भए पनि लिखित अभिव्यक्तिका आधारमा यस भाषाको प्राचीन रूप सामान्य रूपमा आंकलन गर्न सकिन्छ । यस भाषाको सर्वप्राचीन लिखित अभिव्यक्ति वि.सं. ७०० को म्याग्दी जिल्लाको सिजाल गाउँको मष्टोको स्थानमा कपोट गरिएको तर प्रमाणित हुन बाँकी रहेको गीता पहिलो अभिलेख मानिन्छ । वि.सं. १०३८ को दामुपालको दुल्लु अभिलेख पनि प्रमाणित हुनु बाँकी छ । प्रामाणिकताका आधारमा वि.सं. १३१२ को अशोक चल्लको दुल्लुको अभिलेख पहिलो प्रमाणित अभिलेख हो । लिखित प्रमाणका आधारमा वि.सं. १००० पछि नेपाली भाषा स्थापना भएको मान्न सकिन्छ । यस समयमा संस्कृत भाषाबाट विभिन्न आधुनिक आर्यभाषाहरूको जन्म भएको बुझिन्छ । यसैसन्दर्भमा आधुनिक आर्यभाषासँगै नेपाली भाषाको उत्पत्ति भएको हो । नेपाली भाषालाई सुरूमा खसकुरा भनिन्थ्यो । सुरूदेखि विक्रमको पन्ध्रौँ शताब्दीसम्म नेपालको पश्चिमी भूभागको कर्णाली प्रदेशमा खसकुरा प्रचलित थियो । कर्णाली प्रदेशमा सिँजा साम्राज्य र तिनीहरूले बोल्ने भाषालाई खसकुरा भनिएको बुझिन्छ । यही खसकुरा कालान्तरमा नेपाली भाषा रहन गएको हो ।

## आसामेली नेपाली साहित्यकार, तिनका कृतिहरू र योगदान

प्राचीन सिलाङ राजधानी भएको वर्तमान मेघालय, त्रिपुरा, अरूणाचल, मिजोरम, मणिपुर, नागल्याण्ड र आसाम गरी सात राज्यको विशाल क्षेत्रलाई आसाम भनिन्छ । यो क्षेत्र उत्तरपूर्वी भारतमा पर्दछ । यहाँका भारतीय तर नेपालीमूलका साहित्यकारलाई आसामेली नेपाली साहित्यकार भनिन्छ । यही क्षेत्रमा रचित तथा यो क्षेत्रका भारतीय नेपालीहरूले सिर्जना गरेको साहित्यलाई

असमेली वा आसामेली नेपाली साहित्य भनिन्छ । यस क्षेत्रमा जातीय अस्मिताको निम्ति सामाजिक र साहित्यिक क्रियाकलापहरू सञ्चालन गर्न तथा नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण र संवर्द्धनको उद्देश्यका साथ इ. १९७४ मा नेपाली साहित्य परिषद् स्थापना गरिएको थियो । यहाँको लिखित नेपाली साहित्यको इतिहास खोज्दै जाँदा इ. १८९३ तिर मणिपुर तुलाचन आलेद्वारा लेखिएको *मणिपुरको लडाइँको सवाई* र इ. १८९५ को घनवीर भण्डारीको *अब्बर पहाडको सवाई* पहिलो लिखित साहित्य मानिन्छ (क्षत्री, इ. २०००, पृ. २) । इ. १९२६ मा हरिनारायणका केही गीतहरू गोर्खा संसार पत्रिकामा छापिएका थिए । पुष्पलाल उपाध्यायका पुष्पाञ्जली इ. १९६८) र उषामञ्जरी (इ. १९८७) कविता सङ्ग्रह प्रकाशित छन् । यीमध्ये केही प्रमुख आसामेली साहित्यकार र तिनका कृतिहरूको विवरणात्मक र विश्लेषणात्मक समीक्षा प्रस्तुत गरिएको छ ।

### लीलबहादुर क्षत्री (वि.सं. १९८९-२०८१)

लीलबहादुर क्षत्री आसामेली नेपाली साहित्यकारहरूमध्ये एक हुन् । यिनको जन्म वि.सं. १९८९ मा आसामको गुहाटीमा भएको हो । यिनले अर्थशास्त्रमा एमए गरी गुहाटी विश्वविद्यालयमा प्राध्यापन गर्दै आएका छन् । यिनको पहिलो प्रकाशित कृति बसाईं उपन्यास हो । यिनले आफ्ना रचनामा ग्रामीण जनजीवनको चित्रण गरेका छन् । खासगरी शोषणको भण्डाफोर यिनका कृतिमा पाइन्छ । क्षत्रीले अन्याय र शोषणका कारण बसाइँ सर्न बाध्य ग्रामीण जीवनका समस्यालाई मूल विषय बनाएका छन् । "*अतृप्त* उपन्यासमा सामाजिक बन्धनका कारण अतृप्त यौनाकाङ्क्षाबाट उत्पन्न कुण्ठाले असन्तुलित मानवीय प्रवृत्ति प्रस्तुत गरिएको छ" (लुइटेल, २०७०, पृ. ७२) । *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा ब्रह्मपुत्र नदीको किनारमा बसोवास गर्ने नेपालीहरूको सामाजिक समस्यालाई प्रस्तुत गरिएको छ । निम्नवर्गीय समाजका शोषण उत्पीडन, पीडा प्रस्तुत गर्ने क्षत्री मानवतावादी सामाजिक यथार्थवादी भारतीय नेपाली साहित्यकार हुन् । नेपाली साहित्यमा भारतीय फाँटलाई नेतृत्व प्रदान गर्ने जीवन्त स्रष्टा लीलबहादुर क्षत्री हुन् (सुवेदी, २०५३, पृ. ९४) । नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक आदि पक्षको जीवन्त चित्रण यिनका कृतिमा भएको पाइन्छ । बहुमुखी प्रतिभासम्पन्न यिनी मूलतः उपन्यासकार र कथाकार हुन् । यिनको निधन ९२ वर्षको उमेरमा २०८१ फागुन २९ गते मरिखाली गुवाहाटीमा भयो । क्षत्रीका प्रकाशित साहित्यिक कृतिहरू निम्नलिखित छन् :

(१) बसाइँ (उपन्यास, इ. १९५७)
(२) अतृप्त (उपन्यास, इ. १९६८)
(३) ब्रह्मपुत्रको छेउछाउ (उपन्यास, इ. १९८६)
(४) प्रतिध्वनिहरू विस्मृतिका (उपन्यास, इ. २००४)
(५) तीन दशक : बिस अभिव्यक्ति (कथासङ्ग्रह, इ. १९८३)
(६) लीलाबहादुर क्षत्रीका कथाहरू (कथासङ्ग्रह, इ. १९९७) ।

### हरिभक्त कटुवाल (वि.सं. १९९२-२०३७)

हरिभक्त कटुवालको जन्म वि.सं. १९९२ मा भारतको आसाममा भएको हो । यिनले बिएसम्मको अध्ययन गरेका छन् । यिनी मूलतः कवि हुन् । यिनी भारतको आसामबाट स्वच्छन्दतावादी प्रगतिवादी कविता धाराको विकास गर्दै काठमाडौँको बसाईंका क्रमबाट समसामयिक कविता धाराका एक सशक्त कविका रूपमा परिचित हुन पुगे । निराशा, निःसार र विसङ्गत जीवनभोगाइ यिनका कविताका क्षेत्रगत आयाम हुन् । शिल्पगत सचेचता, बिम्ब र प्रतीकको प्रयोग आन्तरिक लयात्मक सन्तुलन यिनका कवितागत विशेषता हुन् । यिनको देहावसान वि.सं. २०३७ सालमा भारतको आसाममा भएको हो । कटुवालका प्रकाशित साहित्यिक कृतिहरू निम्नलिखित छन् :

(१) सम्झना (गीतसङ्ग्रह, वि.सं. २०१८)

(२) भित्री मान्छे बोल्न खोज्छ (कवितासङ्ग्रह, वि.सं. २०२०)

(३) सुधा (खण्डकाव्य, वि.सं. २०२१)

(४) यो जिन्दगी खै के जिन्दगी (कवितासङ्ग्रह, वि.सं. २०२९)

(५) बदनाम मेरा यी आँखाहरू (कवितासङ्ग्रह, वि.सं. २०४४) ।

### लोकनाथ उपाध्याय चापागाईं (वि.सं. १९९६)

आसामेली नेपाली साहित्यकारहरूमध्ये लोकनाथ उपाध्याय चापागाईं (वि.सं. १९९६) पनि एक हुन् । यिनी सामाजिक यथार्थवादी साहित्यकार हुन् । यिनका साहित्यिक रचनामा आसामेली नेपाली समाजको चित्रण पाइन्छ । यिनको आँधी उपन्यासमा असामेली नेपाली समाजको वास्तविक जीवनको उद्घाटन गरिएको पाइन्छ । आसामेली नेपाली समाजमा व्यप्त विकृति, विसङ्गति, नैराश्यता, बेमेल, यौनाचार, षड्यन्त्र, अनमेल विवाह उनका रचनाका विषयवस्तु बनेका छन् । चापागाईंका प्रकाशित साहित्यिक कृतिहरू निम्नलिखित छन् :

(१) आँधी (उपन्यास, इ. १९९९)

(२) साइत (कथासङ्ग्रह, इ. १९८२) ।

### के बी नेपाली (इ. १९३९)

आसामेली नेपाली साहित्यकारहरूमध्ये के बी नेपाली (इ. १९३९) पनि एक हुन् । यिनका आख्यानात्मक रचनाहरू सामाजिक विषयवस्तुको सेरोफेरोमा रचिएका छन् । यिनी समाजका तल्लो वर्गका सामाजिक समस्यालाई आफ्ना रचनाको विषय बनाएका छन् । *मेरो घर मेरो संसार* उपन्यास सामाजिक विषयवस्तुमा आधारित ग्रामीण जीवनमा व्याप्त शोषणलाई देखाइएको छ । शोषणका कारण

प्राणभन्दा प्यारो जन्भूमि छाड्नुपरेको नेपाली जनजीवनलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ (लुइटेल, २०७०, पृ. ७३) । *समर्पण* उपन्यासमा युद्धलाई मूल विषय बनाइएको छ । यस उपन्यासमा गोर्खासैनिकको इमान्दारी, साहस र वीरताको वर्णन गरिएको छ । *तस्वीर एक रात*को उपन्यासमा वर्गसङ्घर्षलाई प्रमुख विषय बनाइएको छ । शोषक र शोषितबिचको वैचारिक द्वन्द्वलाई यस उपन्यासमा प्रस्तुत गएिको छ । समाजमा व्यप्त असमानता, शोषण, दमनका विषमा आवाज उठाउँदै समतामूलक समाजको स्थापना उपन्यासले अपेक्षा गरिएको छ । नेपालीका प्रकाशित साहित्यिक कृतिहरू निम्नलिखित छन् :

(१) मेरो घर मेरो संसार (उपन्यास, इ. १९६५)

(२) समर्पण (उपन्यास, इ. १९६६)

(३) तस्वीर एक रातको (उपन्यास, इ. १९७३)

(४) म खुनी हुँ (उपन्यास, इ. १९९२)

(५) कल्पना (कथासङ्ग्रह, इ. १९७०) ।

**नयादेवी (इ. १९४२)**

आसामेली नेपाली साहित्यकारहरूमध्ये नयादेवी (इ. १९४२) पनि एक हुन् । यिनले आसामेली नेपाली समाजको सामाजिक र आर्थिक चित्र आफ्ना रचनामा उतारेकी छन् । यिनी नारीवादी लेखक हुन् । नारीका विविध समस्या प्रस्तुत गर्दै निराशावादी जीवनदृष्टि प्रस्तुत गरेकी छन् । यिनका साहित्यिक रचनाहरूमा आसामेली ग्रामीण परिवेशको चित्रण छ । निम्नमध्यम वर्गीय पारिवारिक कलह र यसले निम्त्याएको समस्या मूल रूपमा यिनका साहित्यिक रचनामा चित्रण गरिएको पाइन्छ । नयादेवीका प्रकाशित साहित्यिक कृतिहरू निम्नलिखित छन् :

(१) युग सन्धि (उपन्यास, इ. २००२)

(२) कौशल्या (उपन्यास, इ. २००६)

(३) कथामञ्जरी (कथासङ्ग्रह, इ. २०११) ।

**माया ठकुरी (इ. १९४५)**

माया ठकुरी भारतको मेघालयमा इ. १९४५ मा जन्मिएकी कथाकार हुन् । यिनको शिक्षदीक्षा आसाममा भएको थियो । यिनले आफ्नो कर्मथलो भने नेपाल बनाएकी छन् । यिनले वि.सं. २०१६ देखि कथा लेख्न थालेकी तथा मेघालयबाट निस्कने आशा पत्रिकामा प्रकाशित *मुक प्रेत* कथा नै यिनको पहिलो प्रकाशित कथा हो (आचार्य र अन्य, २०४८, पृ. १२२) । यिनका कथा पारिवारिक र सामाजिक परिधिभित्र नै केन्द्रित छन् । यिनी सामाजिक यथार्थवादी कथाकार हुन् । समाजका

रोग, भोक, गरिबी, अन्धविश्वास, शोषण यिनका रचनाका क्षेत्र हुन् । यिनका रचनामा आसाम र काठमाडौँको सहरी परिवेश चित्रित छ । मूलतः नारीका समस्याहरू यिनका रचनाका सेरोफेरो रहेका छन् । ठकुरीका प्रकाशित साहित्यिक कृतिहरू निम्नलिखित छन् :

(१) नजुरेको जोडी (कथा सङ्ग्रह, वि.सं. २०३०)
(२) गमलाको फूल (कथा सङ्ग्रह, वि.सं. २०३३)
(३) साँघु तरेपछि (कथा सङ्ग्रह, वि.सं. २०३९)
(४) चौतारो साक्षी छ (कथा सङ्ग्रह, वि.सं. २०४६)
(५) माया ठकुरीका कथाहरू (कथा सङ्ग्रह वि.सं. २०४८)
(६) आमा जान्नुहोस् (कथा सङ्ग्रह, वि.सं. २०६४) ।

**अर्जुन निरौला (इ. १९४६)**

आसामेली नेपाली साहित्यकारहरूमध्ये अर्जुन निरौला (इ. १९४६-२००१) पनि एक हुन् । यिनको जन्म इ. १९४६ मा मेघालयमा भएको हो । यिनको साहित्य यात्रा इ. १९६४ मा सिलाङको सेन्ट एडमन्ड कलेजको मुखपत्रमा प्रकाशित *कामिनी म यति नै चाहन्छु* कथाबाट भएको हो । यिनी मूलतः आख्यानकार हुन् । यिनी सामाजिक यथार्थवादी, मनोवैज्ञानिक र अस्तित्ववादी आख्यानकार हुन् । यिनको *शिशिरको बतास* उपन्यासमा प्रेमप्रणय प्रस्तुत गरिएको छ । यो यौनमनोवैज्ञानिक उपन्यास हो । असफल प्रेम कहानी र यसले निम्त्याएका दुदर्शाहरू यस उपन्यासमा प्रस्तुत गरिएका छन् । *घाम डुबेपछि* उपन्यासमा विवाहिता युवती र अविवाहित युवक बिचको प्रेम र कामवासनाका कारण उत्पन्न पारिवारिक एवम् मानसिक समस्या प्रस्तुत गरिएको छ (लुइटेल, २०७०, पृ. ७३) । यिनी यौनमनोवैज्ञानिक उपन्यासकार हुन् । यिनका दुवै उपन्यासमा नारीलाई प्रमुख विषय बनाई नारीप्रधान उपन्यास लेखेका छन् । निरौलाका प्रकाशित साहित्यिक कृतिहरू निम्नलिखित छन् :

(१) रात बितेपछि (कथासङ्ग्रह, इ. १९७२)
(२) शिशिरको बतास (उपन्यास, इ. १९७२)
(३) घाम डुबेपछि (उपन्यास, इ. १९७६)
(४) साँझसँगसँगै (कथासङ्ग्रह, इ. १९७९) ।

**विक्रमवीर थापा (इ. १९५०)**

आसामेली नेपाली साहित्यकारहरूमध्ये विक्रमवीर थापा (इ. १९५०) पनि एक हुन् । यिनी प्रयोगवादी साहित्यकार हुन् । यिनका रचनामा विभिन्न नवीन प्रयोगहरू व्यक्त गरिएका छन् । यिनी

भारतीय नेपालीहरूका कारुणिक जीवनको चित्रण गर्दछन् । यिनी स्वच्छन्दतावादी यथार्थवादी आख्यानकार हुन् । थापाका प्रकाशित साहित्यिक कृतिहरू निम्नलिखित छन् :

(१) बिगतको परिवेशभित्र (उपन्यास, इ. १९८३)

(२) टिष्टादेखि सतलजसम्म (उपन्यास, इ. १९८६)

(३) माटो बोल्दो हो (उपन्यास)

(४) बिसौँ शताब्दीकी मोनालिसा (कथासङ्ग्रह, इ. १९९७) ।

**शान्ति थापा (इ. १९६८)**

आसामेली नेपाली साहित्यकारहरूमध्ये शान्ति थापा पनि एक हुन् । यिनको जन्म इ. १९६८ मा गुहाटीमा भएको हो । यिनी नारीवादी लेखक हुन् । यिनका रचनामा नारीका पीर, मर्का, समस्या, वेदना, मातृत्व आदि प्रकटिएका छन् । विभिद विकृति र विसङ्गतिको पर्दाफास गर्दै यौनदुर्व्यवहार तथा पुरूषले गर्ने शोषण र अत्याचारको अन्त्यको आह्वान गरिएको छ । यिनका रचनामा मानवतावादी धारणा मुखरित भएको छ । *मोहनी डट कम* उपन्यासमा सन् १९७९ मा आसाममा भएको 'बहिरागत हटाओ' नामक जातीय आन्दोलनलाई मुख्य विषय बनाइएको छ । थापाका प्रकाशित साहित्यिक कृतिहरू निम्नलिखित छन् :

(१) आवर्तन (कथासङ्ग्रह, इ. २००७)

(२) मोहनी डट कम (उपन्यास, इ. २००९) ।

उपर्युक्त साहित्यकारका अलावा अन्य आसामेली नेपाली साहित्यकारहरूले पनि साहित्य सिर्जना गरेका छन् । यीमध्ये कविता विधामा कलम चलाउने कविहरूमा अग्निबहादुर क्षत्री, अविनाश श्रेष्ठ, केबी नेपाली, केशवलाल गहतराज, दुर्गाप्रसाद घिमिरे, नव सापकोटा, पद्य ढकाल, प्रेमसिंह सुवेदी, भवानीलाल लामिछाने, भवानीशङ्कर उपाध्याय, युद्धवीर राणा, रत्नबहादुर कार्की, लीलबहादुर क्षत्री, श्याम लिवाङ, हरिभक्त कटुवाल आदि प्रमुख छन् । यस्तै आख्यान विधामा कलम चलाउने साहित्यकारहरूमा अनामिका, आशारानी राई, काशीराम सुवेदी, खगेश्वर भट्ट, खड्गबहादुर कौशिक, खड्गराज गिरी, गहीन उपाध्याय, गीता उपाध्याय, गीता लिम्बू, गुनु घर्ती, गुरूभक्त धिताल, गोपालचन्द्र कौशिक, चन्द्रकुमार शर्मा, चन्द्रेश्वर दुबे, जयनारायण लुइटेल, जितबहादुर सुनार, टीकाराम उपाध्याय, तारानीधि उपाध्याय, दिल साहनी, दुर्गाप्रसाद अधिकारी, देवी थापा, देवीचरण सेढाइँ, डम्बर दाहाल, डिल्लीराम खनाल, पद्मबहादुर राई, पीताम्बर गुरूङ, प्रकाश सुवेदी, प्रदीप राई, बुद्धिमान प्रधान, भीम धमला, मुक्ति उपाध्याय बराल, मोतीसिंह क्षत्री, मोहनकुमार श्रेष्ठ, मोहन सुवेदी, रण काफ्ले, रतनकुमार पाण्डे, रवि शर्मा, रिजुदेवी, रूपनारायण पाठक, राजेन्द्र ढकाल, राम भट्टराई, रामप्रसाद दाहाल, रेवतीरमण सापकोटा, रेवतीमोहन तिम्सिना, रोहित गौतम,

लक्ष्मण बोहोरा, लोकनाथ उपाध्याय, विष्णुलाल उपाध्याय, विष्णु शर्मा न्यौपाने, शशी शर्मा, शान्ति थापा, शेरमान थापा, सन्तकुमार देवान, हरि अधिकारी, हरिप्रसाद गोर्खा राई, हरिप्रसाद शर्मा खनाल, हरि लुइटेल, हरिभक्त कटुवाल, हेम राई, होमबहादुर क्षत्री आदि प्रमुख छन् । यिनीहरूले स्थानीय सामाजिक जनजीवनलाई आफ्ना साहित्यको विषय बनाएका छन् । सामाजिक यथार्थवाद, आदर्शोन्मुख यथार्थवाद, मनोविश्लेषण, प्रयोगवाद, नारीवाद र स्वच्छन्दतावाद आसामेली नेपाली साहित्यकारहरूका मूल प्रवृत्ति हुन् । आसामेली नेपालीहरू नेपाली भाषा र साहित्यप्रति अनुरागी र सक्रिय रहेको पाइन्छ ।

## पत्रपत्रिका प्रकाशनक्रम र यिनको योगदान

नेपाली छापापत्रिकाको प्रकाशनमा आसाम, वनारस, देहरादुन र जलवाइगुडीको महत्त्वपूर्ण योगदान रहेको छ । नेपालमा छापाखानाको विकास नभएको हुँदा सुरूमा पुस्तक र पत्रपत्रिका छपाउन भारत पुग्नुपर्ने अवस्था थियो । अध्ययन, तीर्थयात्रा वा काशीवासका लागि नेपालीहरू बनारस जाने गर्दथे । शिक्षित र साहित्यप्रेमी नेपालीहरू नेपाली भाषाको उत्थान र विकास साथै साहित्य सिर्जना र प्रकाशनको लागि भारतीयभूमि प्रयोग गरेको बुझिन्छ । नेपाली भाषाकै सबैभन्दा जेठोपत्रिका मानिएको *गोरखा भारत जीवन* पत्रिका जुनप्रति हाल उपलब्ध हुन सकेको छैन, यो वि.सं. १९४२ मा भारत बनारसबाट प्रकाशित भएको बुझिन्छ । नेपाली भाषाको पत्रिकाको इतिहासमा अहिले थाहा पाइएसम्मबाट *गोरखा भारत जीवन*लाई पहिलो पत्रिका मान्न सकिन्छ (देवकोटा, २०५९, पृ. ४२) । यसपछि बनारसबाट सदाशिव शर्माद्वारा सम्पादित *उपन्यास तरङ्गिनी* वि.सं. १९५९, रसिक समाजको सम्पादनमा *सुन्दरी* वि.सं. १९६३, राममणि आदीको सम्पादनमा *माधवी* वि.सं. १९६५, माधवप्रसादको सम्पादनमा *चन्द्र* वि.सं. १९७१, सूर्यविक्रम ज्ञवालीको सम्पादनमा *गोर्खाली* वि.सं. १९७२, काशीबहादुर श्रेष्ठको सम्पादनमा *उदय* वि.सं. १९९३, लक्ष्मीप्रसाद देवकोटाको सम्पादनमा *युगवाणी* वि.सं. २००४ आदि प्रकाशित भएका छन् । यसैगरी बनारसबाट *गोर्खाली* वि.सं. १९७२, *राजभक्ति* वि.सं. १९८३, सिलाङबाट *गोर्खासेवक* वि.सं. १९९२, देहरादुनबाट *गोर्खासंसार* वि.सं. १९८३, *तरूणगोर्खा* वि.सं. १९८५, कोलकाताबाट *गोर्खा* वि.सं. २००१, *नेपालपुकार* वि.सं. २००५ पत्रिका प्रकाशित भएका छन् ।

उपर्युक्त पत्रपत्रिकाबाहेक *गोर्खासेवक* (इ. १९३६), *हिमाद्री* (१९४८, गुहाटी), *गोर्खादीप* (१९५५, गुहाटी), *प्रभात* (१९५५, दरभङ्गा), *प्रभात* (१९५९, दरभङ्गा), *मुक्ति* (१९५९, डिग्बोई), *कोपिला* (१९६०, डिग्बोई), *हाम्रो ध्वनि* (१९७५, गुवाहाटी), *बिन्दु* (१९६२, लामडिङ), *देशवार्ता* (१९९१, तेजपुर) आदि पनि प्रकाशित भएका छन् । यसैगरी नेपाली साहित्य परिषद् आसामद्वारा *सलेदो*, *परिषद् पत्र* १ देखि ५ सम्म र विभिन्न स्मृति ग्रन्थहरू प्रकाशित छन् । यी पत्रिकामा कविता, कथा, उपन्यास, नाटक, निबन्ध, लेख रचना, समालोचना प्रकाशित भएका छन् । साथै विभिन्न साहित्यिक कार्यक्रमहरू : भानुभक्त जयन्ती, हरिभक्त कटुवाल जन्मजयन्ती, देवकोटा जन्मदिवस, नाटक मञ्चन

आदि आयोजना भएका छन् । यसबाट नेपाली साहित्यको संवर्द्धनमा भारतीय नेपालीहरूको भूमिका महत्त्वपूर्ण रहेको स्पष्ट हुन्छ ।

## निष्कर्ष

भारतीय नेपालीहरू विशेषगरी आसाम, वनारस, देहरादुन, जलवाइगुडी आदि क्षेत्रमा अन्यभाषीसँगै बसोबास गरिरहेका छन् तैपनि यिनीहरूले नेपाली भाषाप्रतिको माया र ममता बिर्सिएका छैनन् । उनीहरू विभिन्न भाषिक समस्यासँगै जुध्दै, सङ्घर्ष गर्दै नेपाली साहित्य सिर्जनामा लागिपरेका छन् । काव्य, आख्यान, नाटक र निबन्ध विधामा यिनीहरूले कलम चलाएका छन् । यिनीहरूले आफ्ना साहित्यमा भारतीय नेपालीका विभिन्न समस्याहरू प्रस्तुत गरेका छन् । सामाजिक थिचोमिचो, अन्याय, शोषण, पारिवारिक कलह, आर्थिक समस्या यिनका साहित्यका सेरोफेरो हुन् । यिनीहरू नेपाली भाषाप्रति माया र श्रद्धा, नेपाली भाषीप्रति सम्मान र नेपाली साहित्यप्रति अनुराग राख्दछन् । यिनीहरूले नेपाली साहित्य भण्डारका अमूल्य रत्नहरू थपिरहेका छन् । यिनीहरू जातीय अस्तित्व रक्षार्थ डटिरहेको आभास हुन्छ । यिनीहरूको नेपाली साहित्य रचना गर्ने क्रम पुस्तौँपुस्ता निरन्तर रहिरहने अनुमान गर्न सकिन्छ ।

## सन्दर्भ सूची


आचार्य, नरहरि र अन्य (सम्पा., २०४८), *नेपाली कथा भाग १*, दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

क्षत्री, लीलबहादुर (इ. २०००), *पूर्वोत्तर भारतीय नेपाली साहित्य र समाजको ऐतिहासिक दिग्दर्शन*, गुवाहाटी : पंकज पल्लव प्रकाशन ।

देवकोटा, ग्रीष्मबहादुर (२०५९), *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास*, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), *नेपाली बृहत् शब्दकोश*, सातौँ संस्क., काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, २०५५ ।

लुइटेल, लीला (२०६९), असमेली नेपाली कथाकार, *समकालीन साहित्य* (पूर्णाङ्क ६८, वैशाख, जेठ, असार), पृष्ठ १६-२५ ।

लुइटेल, लीला (२०७०), असमेली नेपाली उपन्यासकार, *गरिमा* (वर्ष १३, अङ्क ८, पूर्णाङ्क ३६८, साउन), पृ. ७१-७७ ।

शाक्यवंश, छत्रनरसिंह (२०७३), दार्जिलिङमा नेपाली भाषा र साहित्यको विकासको सङ्क्षिप्त इतिहास, *प्रज्ञा* (वैशाख-असोज, अङ्क १, पूर्णाङ्क ११३), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यास परम्परा र प्रवृत्ति*, वाराणसी : भूमिका प्रकाशन ।